अर्जुनधारा नगरपालिका

**नगर कार्यपालिकाको बैठक**

**बैठक संख्याः** १६/०७९/०८० **मितिः**२०७९/११/१४

**अध्यक्षताः** नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ्ग

**उपस्थितिः**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन तामाङ्ग | उपस्थित |
| उप प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिता राम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङ्गनाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरीया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री गीताकुमारी राई | उपस्थित |

अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०७९/११/१४ गतेको बैठकबाट देहाय बमोजिमको निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

१. **समिक्षा सम्बन्धमा ।**

अघिल्लो कार्यपालिकाको बैठकको निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा समिक्षा गरियो। अघिल्लो कार्यपालिकाको बैठकबाट अर्जुनधारा नगरपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत उपभोक्ता समितिबाट सञ्चालन हुने कार्यक्रमहरु सञ्चालनका लागि २०७९ माघ मसान्तसम्मको म्याद तोकिएकोमा त्यस्ता योजनाहरुको सम्झौता गर्ने म्याद मिति २०७९ चैत्र १५ गतेसम्म थप गर्ने निर्णय गरियो ।

२. **हलुवागढ पर्यापर्यटन आयोजनाको रकम भुक्तानी सम्बन्धमा ।**

नेपाल सरकार, सँस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रम अन्तर्गत यस अर्जुनधारा नगरपालिका साझेदार निकायको रुपमा रहने गरी स्वीकृत हलुवागढ पर्यापर्यटन प्रवर्द्धन परियोजनाका लागि भगवति निर्माण सेवासँग सम्झौता परियोजनाको दोश्रो रनिङ्ग बिल बापतको रु ३८ लाख रकम भुक्तानी गर्नुपर्ने भएकोमा उक्त रकम हलुवागढ सामुदायिक वनबाट लागत साझेदारी गर्ने भनी तत्कालिन समयमा सम्झौता भएकोमा हाल उक्त सामुदायिक वनको लेखा सम्बन्धि कागजात अनुसन्धानको क्रममा रहेकोले यस नगरपालिकाको लागि चालु आर्थिक वर्ष २०७९/०८० का लागि स्वीकृत संशोधित कार्यक्रम बमोजिम भुक्तानी उपलब्ध गराउने निर्णय गरियो ।

३. **कृषि व्यवसाय प्रवर्द्धन नीति तथा प्राङ्गरिक मल उत्पादन र प्रयोग सम्बन्धि परियोजना सम्बन्धमा ।**

अर्जुनधारा नगरपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धि मध्यावधि नीति तथा कार्यक्रम स्वीकृत गरी अर्जुनधारा नगरपालिकाको प्राङ्गरिक मलि उत्पादन र प्रयोग सम्बन्धि परियोजना प्रस्ताव स्वीकृत गरी परियोजना कार्यान्वयन तथा बजेट व्यवस्थापनका लागि नेपाल सरकार तथा प्रदेश सरकारका निकायहरुमा पेश गर्ने निर्णय गरियो ।

४. **हेभी इक्विपमेन्टहरुको सञ्चालनलाई बनेको कार्यविधि, २०७५ संशोधन सम्बन्धमा ।**

अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा रहेका हेभी इक्विपमेन्टहरुको सञ्चालनलाई व्यवस्थित गर्न बनेको कार्यविधिमा सामयिक संशोधन गर्नुपर्ने भएकाले "हेभी इक्विपमेन्टहरुको सञ्चालनलाई बनेको कार्यविधिलाई संशोधन गर्न बनेको कार्यविधि,२०७९ पारित गर्ने निर्णय गरियो ।

५. **ठेक्का बदर गर्ने सम्बन्धमा ।**

अर्जुनधारा नगरपालिकाको ठेक्का नं AM/NCB/WORKS/07-078/79 अर्जुनधारा नगरपालिका वडा नं ३ पगला खोलामा स्लाब कल्भर्ट निर्माण गर्न मिति २०७८/१०/२५ गते अर्जुनधारा कन्स्ट्रक्सन कम्पनी प्रा.लि. सँग कार्यालयले सम्झौता गरी लाई ठेक्का दिइएकोमा उक्त कम्पनीले निर्धारित समयमा काम सम्पन्न नगरी म्याद थप गर्दा समेत आयोजना सुरुवात समेत नगरेको र सो सम्बन्धमा उक्त कम्पनिलाई कार्यालयबाट लिखित तथा मौखिक जानकारी गराउँदा समेत सम्पर्कमा नआएको हुँदा उक्त ठेक्का रद्द गरी प्रचलित कानून बमोजिम कारबाहीको प्रक्रिया अघि बढाउने र  सो आयोजना सम्पन्न गर्न उपभोक्ता समिति गठन गरी आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

६. **म्याद थप सम्बन्धमा**

यस नगरपालिकाको नदीजन्य पदार्थ उत्खनन संकलन तथा बिक्रको ठेक्का सम्झौता गरेको एनआरआरएन कंक्रिट उद्योग प्रा.लि.ले सो कम्पनिका प्रोपाइटर मातृशोकमा परेकाले सम्झौता बमोजिम दोश्रो किस्ता रकम बुझाउनुपर्ने म्याद थपका लागि प्राप्त निवेदन बमोजिम दोश्रो किस्ता बापत बुझाउनु पर्ने रकम बुझाउनका लागि २०७९ फागुन मसान्तसम्मको म्याद थप गर्ने निर्णय गरियो ।

७. **स्वास्थ्य बीमा सम्बन्धमा ।**

अर्जुनधारा नगरपालिका वडा नं ३ का अति विपन्न ५१ परिवारको स्वास्थ्य विमा कार्यक्रम सञ्चालनका लागि नगरपालिकाको प्रकोप व्यवस्थापन कोष शीर्षकबाट रु १,७८,५००/- (एक लाख अठहत्तर हजार पाँच सय मात्र) विनियोजन गरी वडा कार्यालयले छनौट गरेका अति विपन्न परिवारको स्वास्थ्य बीमा गर्ने निर्णय गरियो ।

८. **विविधः**

**नगर कार्यपालिकाको कार्यालयमा प्राप्त निवेदनहरु बमोजिम निम्न बमोजिम निर्णयहरु गरियो ।**

(१) अर्जुनधारा नगरपालिका वडा नं. ५ निवासी सुनिता बुढाथोकिले ऐ ऐ निवासी चरकवाला राजवंशीलाई बिपक्षी बनाई अर्जुनधारा नगरपालिका न्यायिक समितिमा मिति २०७८/१२/१६ निवेदन पेश गरी निवेदन उपर मेलमिलापको प्रकृयामा दुवै पक्ष मिलि मिति २०७९/०२/१३ सहमति गरीएको बुदाँहरू पालना नभएकोले निज दोस्रो पक्ष चरकवाला राजवंशीलाई मिति २०७९ कार्तिक सम्ममा केहि नलिने शर्तगरी घर खालि गरीदिने सहमति अनुसार घर खालि गर्ने प्रकृया गर्न / गराउन न्यायिक समितिको प्रतिवेदन बमोजिम सम्बन्धित वडा कार्यालयमा लेखी पठाउने ।

(२) अर्जुनधारा नगरपालिका वडा नं ६ मा रहेको लक्ष्मी माध्यमिक विद्यालयको खेलमैदान सम्याउन तथा वडा नं ५ को वडा कार्यालय जाने बाटो निर्माण गर्न नगरपालिकाको ब्याक हो लोडर माग भई आएकाले १/१ दिनका लागि दुवै स्थानमा नगरपालिकाको ब्याक हो लोडर निःशुल्क पठाउने।

(३) यस अर्जुनधारा नगरपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत डिजिटल प्रोफायल/आवधिक योजनाका लागि विनियोजित बजेट अनुसार यस नगरपालिकाको डिजिटल प्रोफायल तथा आवधिक योजनाको तयारीका लागि आवश्यक प्रक्रिया अघि बढाउने ।

(४) अर्जुनधारा नगरपालिका वडा नं ६ मा रहेको पाथिभरा दुमि निर्माण सेवालाई अर्जुनधारा नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि, २०७५ बमोजिम सञ्चालन इजाजतपत्र दिने ।

*बैठक संख्या १५/०७९/०८०* अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको बैठक *मिति २०७९/११/१४*

**हेभी इक्विपमेन्टहरुको सञ्चालन कार्यविधि, २०७५ लाई संशोधन गर्न बनेको कार्यविधि, २०७९**

**प्रस्तावनाः** अर्जुनधारा नगरपालिकाको हेभी इक्विपमेन्टहरुको सञ्चालनलाई व्यवस्थित गर्न बनेको कार्यविधि, २०७५ मा सामयिक संशोधन गर्नु आवश्यक भएकाले,

अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम अर्जुनधारा नगरपालिकाको हेभी इक्विपमेन्टहरुको सञ्चालन संशोधन कार्यविधि, २०७९ रहनेछ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. **परिभषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(१) मूल कार्यविधि भन्नाले " अर्जुनधारा नगरपालिकाको हेभी इक्विपमेन्टहरुको सञ्चालनलाई व्यवस्थित गर्न बनेको कार्यविधि, २०७५" लाई सम्झनु पर्नेछ ।

३. मूल कार्यविधिमा संशोधनः मूल कार्यविधिमा देहाय बमोजिम संशोधन गरिएको छः

(१) दफा ३ को उपदफा (४) थप गरिएकोः " माथि जुनसुकै कुरा लेखिएको भएता पनि निम्न अवस्थामा सम्बन्धित वडा कार्यालयको सिफारिसमा एवं नगर प्रमुखको आदेशमा निशुल्क रुपमा हेभी इक्विपमेन्टहरु पठाउन सकिनेछः

क. प्राकृतिक तथा दैवी प्रकोप नियन्त्रण तथा उद्दार गर्नुपरेमा,

ख. सार्वजनिक महत्वको मेला,पर्व एवं चाडवाडमा नागरिकहरुको सुविधाका लागि तत्काल कुनै मर्मत वा त्यस्तै कार्य गर्नुपरेमा,

ग. नगरपालिकाको मुख्य सडकमा रहेका कुनै संरचनाहरु भत्किई तत्काल आवातजवात खुलाउनु परेमा ।

यसरी निःशुल्क पठाइने हेभी इक्विपमेन्टहरुको छुट्टै अभिलेख राखी सोको विवरण समय समयमा नगर कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

(२) अनुसुचीमा हेरफेरः मूल कार्यविधिको अनसुची १ देहाय बमोजिम कायम हुने गरी संशोधन गरिएको छ ।

**भाडादरः**

| साधन | ठेकेदारका लागि | | उपभोक्ता समितिका लागि | |
|---|---|---|---|---|
| | प्रतिदिन | प्रति घण्टा | प्रतिदिन | प्रति घण्टा |
| ट्रिपर | ५००० | ३००० | ५००० | ३००० |
| व्याक हो लोडर | - | ११०० | - | ८०० |
| रोलर | ११००० | २००० | ८००० | १२०० |
| ग्रेडर | १६००० | - | १३००० | २००० |
| टयाङ्कर | ५००० | ३००० (आधादिन) | ४५०० | ३००० (आधा दिनका लागि) |

**द्रष्टव्यः**

१. उपर्युक्त बमोजिमको भाडादर इन्धन बाहेकको हो ।

२. उपभोक्ता समितिले रोलर प्रति घण्टाको दरलमा लैजादा न्यूनतम दुई घण्टाका लागि लानुपर्नेछ ।